मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल



## शुभकामना सन्देश

बहाई धर्मको महान चाँर्ड रिज्वानको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुहुने यस धर्मका अनुयायीहरुमा हार्दिक शुभकामना ब्यक्त गर्दछु । मानवता, एकता र शान्ती यस धर्मको केन्द्र विन्दू हो नेपालले धार्मिक र सांस्कृतिक स्वतन्त्रतालाई अंगिकार गरेको छ । हाम्रोदेश, बहुभाषिक, बहुजाति, बहुधार्मिक र बहुसांस्कृतिक समुदायको संगम स्थलको रुपमा रहेको छ। यस बहाई धर्मले आत्मासात गर्दे आएको धार्मिक सहिष्णुता, मानवजाति वीचको एकता र विश्वशान्ति हाम्रा लागी मात्र नभएर विश्वकै लागी सान्दभिक छन् । नेपालमा बहाई अनुयायीहरुका क्रियाकलापबाट हाम्रो देश र समाजमा नैतिक, आध्यात्मीक, समाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरणमा सहयोग पुग्ने कूरामा म विश्वस्त छु। यस अवसरमा बहाई धर्मका अनुयायीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति २०८१/१२/१२ मंगलबार

कमल बहादुर शाह
मुख्यमन्त्री

# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**शंकरपुर, कञ्चनपुर**

स्था. २०७३

प.सं. : २०८१/०८२

च.नं. :

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०८१/१२/१०

नेपाल संवत् ११४५

## •शुभकामना सन्देश•

बहाईहरुको महान चाड रिज्वानको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

बहाई धर्मका संस्थापक बहाउल्लाह "ईश्वरको ज्योति" ले सन् १८६३ मा गुलाबै गुलावको एउटा बगैचामा आफूलाई प्रतिज्ञप्त ईश्वरीय महान् अवतारको रूपमा खुलस्त गरेको २१ अप्रिलको दिनलाई संसारभरीका बहाईहरूले रिज्ज्वान पर्वको रूपमा मनाउने गर्दछ। जसको बारेमा उहाँ स्वयंले भन्नुभएको छ कि त्यस दिन "सम्पूर्ण सृष्ट वस्तुहरू पवित्रताको समुद्रमा चोबलिए । बहाइहरूले" रिज्ज्वान पर्वलाई पर्वहरूको राजाको रुपमा लिइन्छ जुन २१ अप्रिल देखि १२ दिनसम्म विभिन्न कार्यक्रमहरू गरी भव्यताका साथ मनाउने गर्दछ । विशेषगरी पहिलो दिन, नवौं दिन र बाह्रौं दिनहरू विशेष महत्वका साथ बहाई क्यालेण्डरमा उल्लेख छ ।

बहाई धर्म विश्व शान्ति र मानव एकतालाई आफ्नो सारभूत लक्ष्यको रूपमा लिने गर्दछ । बहाउल्लाहको सन्देशले सबै प्रकारका पूर्वाग्रहहरूको अन्त्य र सामाजिक सद्भावका लागि बालवालिका, किशोरकिशोरी, युवा तथा प्रौढहरू सबैलाई आध्यात्मिक तथा मानविय शिक्षा प्रदान गर्ने कार्य गरी मानवीय एकता, लैंगिक समानता, धार्मिक एकता आदिमा अनुकरणीय सहयोग पुग्ने अपेक्षा गर्दछु ।

नेपालमा बहाई अनुयायीहरूको सकरात्मक क्रियाकलापबाट देशका नागरिकको युगानुकूल नैतिक, आध्यात्मिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणमा सघाउ गरी समाज निर्माणको शक्तिलाई प्रस्फुटन हुने विश्वास गर्दछु ।

.........................

निर्मल राना

अध्यक्ष

निर्मल राना
अध्यक्ष

Website: www.laljhadimun.gov.np Email Address: info@laljhadimun.gov.np/ laljhadirmnc@gmail.com